# राष्ट्रिय योजना आयोगको सचिवालयको
# प्रेस विज्ञप्ती

७ माघ, २०६९

सम्माननीय प्रधानमन्त्री तथा राष्ट्रिय विकास समस्या समाधान समितिका अध्यक्ष डा.बाबुराम भट्टराईज्यूको अध्यक्षतामा समितिको अठ्ठाइसौं बैठक बस्यो । यस बैठकमा चालू आर्थिक बर्ष २०६९/०७० मा सञ्चालित विकास कार्यक्रम/आयोजनाहरुको प्रथम चौमासिक प्रगति स्थिति र कार्यान्वयनमा देखापरेका तथा मन्त्रालयस्तरबाट समाधान हुन नसकेका समस्याहरु प्रस्तुत गरी छलफल गर्ने कार्य भयो ।

**सम्माननीय प्रधानमन्त्रीज्यूले बैठकमा निम्नानुसारको निर्देशन दिनु भयो :**

- राष्ट्रियस्तरको समस्या समाधान गर्ने यस किसिमको बैठक र मन्त्रालयस्तरमा हुने विकास आयोजनाको समस्या समाधान समितिको बैठक समयमानै गर्नु गराउनु पर्दछ । यसले समस्या समाधान गराउने विधि राम्रो भएतापनि उल्लेख्य परिणाम देखाउन नसकेकोले यस्ता बैठकहरु परिणाममुखी बनाउन ध्यान दिन जरुरी छ ।

- सरकारले नयाँ बजेट तथा कार्यक्रम तर्जुमा गर्ने अवसर नपाएको र निवर्तमान सरकारले ल्याएको बजेटमा रहेका कार्यक्रमहरुलाई नै निरन्तरता दिनुपरेको अवस्था र बजेट पनि दुई किस्तामा आएको हुंदा विकास आयोजना तथा कार्यक्रमलाई केही बाधा पर्न गएको यथार्थ भएता पनि यस संक्रमण कालमा पनि उच्च मनोवलका साथ विकास निर्माणका कार्यहरुमा ध्यान दिन निर्देशन दिन चाहन्छु ।

- चालू आ.व.को हालसम्म पूंजीगत खर्च साह्रै कम भएको देखिएकोले के कस्ता कारणले कम खर्च हुन गएको हो सबै सरोकार निकायहरुले कार्ययोजना बनाई पूँजीगत खर्च वृद्धिका साथै लक्षित नतिजा हासिल गर्ने कुरामा विशेष ध्यान दिन निर्देशन दिन्छु ।

- आयोजना तथा कार्यक्रम कार्यान्वयनको क्रममा एक अर्का निकायको सहमति तथा राय प्रतिक्रिया लिनुपर्ने  तथा दिनुपर्ने कार्यहरुलाई सबै सम्बद्ध निकायहरु खासगरी अर्थ मन्त्रालय, कानुन तथा न्याय मन्त्रालय परराष्ट्र मन्त्रालय र राष्ट्रिय योजना आयोगले ध्यान आकर्षित गर्दछु ।

- यस राष्ट्रिय विकास समस्या  समाधान समितिको बैठकले विगतमा गरेका निर्णयहरु र आजको बैठकले विगतमा गरेका निर्देशन तथा निर्णयहरुलाई निर्दिष्ट समयमै कार्यान्वयन गर्न निर्देशन दिन्छु ।

- सरकारले पहिचान गरेको राष्ट्रिय गौरवका १७ आयोजनाहरुमध्ये केही आयोजनाको प्रगति उल्लेख्य देखिएतापनि धेरै आयोजनाको प्रगति सन्तोषजनक नभएकोले राष्ट्रिय गौरवका आयोजनाहरुलाई स्रोत साधनको कमी आउन नदिने र कार्यान्वयनमा समेत विशेष ध्यान दिन निर्देशन दिन्छु ।

- शान्ति स्थापना र पुनर्निर्माणका कार्यहरुमा विशेष ध्यान दिन र विगतमा सुरक्षा निकायहरुले प्रयोग गरेका कृषि फार्महरुबाट यथाशीघ्र सुरक्षा निकायलाई अन्यत्र सार्न रक्षा मन्त्रालय र गृह मन्त्रालयलाई निर्देशन दिन्छु ।

- स्वास्थ्य र शिक्षा जनताका आधारभूत क्षेत्र भएकोले सबैले यस क्षेत्रलाई विशेष महत्व दिन ध्यानाकर्षण गराउँछु ।

- मुख्य सचिवको अध्यक्षतामा Project Facilitation Committee (PFC) रहेकोले अन्तर मन्त्रालयगत समस्याहरुलाई निराकरण गर्न उक्त समितिले क्रियाशिल भूमिका खेलोस् भन्ने चाहन्छु ।

- विकास आयोजना तथा कार्यक्रमहरुको लागि जग्गा अधिग्रहण गर्ने समस्या परिरहेको र सोको कारणले विकास निर्माणका कार्यमा ढिलाई हुने गरेको पाईएको तथा जग्गा मूल्याङ्कनमा दोहोरो मापदण्ड लागू भएको तर्फ सवै सरोकारवालाहरुको ध्यान आकर्षित गर्दछु ।

**सम्माननीय प्रधानमन्त्रीज्यूले गत बैठकमा भएका निर्णयका सम्वन्धमा दिनुभएको निर्देशन :**

- विकास निर्माण कार्यका लागि आवश्यक पुनर्वास तथा पुनःस्थापनासम्बन्धी स्पष्ट नीति तयार गरी सिफारिस गर्न राष्ट्रिय योजना आयोगका सदस्य सचिवको संयोजकत्वमा गठन भएको कार्यदलले आगामी एक महिनाभित्र कार्य सम्पन्न गर्ने ।

- वन क्षेत्रको संरक्षणमा धेरै नकारात्मक प्रभाव पर्न नदिई विभिन्न सरकारी तथा स्थानीय निकायहरुले विकास निर्माण कार्यमा वन क्षेत्र प्रयोग गर्ने विषयमा स्पष्ट मापदण्ड बनाउन वन मन्त्रालयका सचिवको संयोजकत्वमा गठित कार्यदलले बनाएको मस्यौँदालाई आगामी एक महिना भित्र अन्तिम रुप दिई कार्यान्वयन गराउने ।

- अनुमगन तथा मूल्याङ्कन योजना प्राप्त गराउन बाँकी भएका विज्ञान प्रविधि तथा वातावरण मन्त्रालय, भूमि सुधार तथा व्यवस्था मन्त्रालय, सिंचाइ मन्त्रालय, उर्जा मन्त्रालय, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र महिला बालबालिका तथा समाज कल्याण मन्त्रालयहरुले एक महिना भित्र यस्तो योजना तयार गरी राष्ट्रिय योजना आयोगमा पेश गर्ने ।

- काठमाडौं उपत्यकामा कृषि बजार पूर्वाधार विकास गर्न भक्तपुरको मनहरास्थित कृषि मन्त्रालयको भोगाधिकार रहेको ५८ रोपनी अतिक्रमित जग्गा खाली गराउने कार्य सम्वन्धमा कृषि विकास मन्त्रालयले सरोकार निकायहरुको सहकार्यमा उक्त कार्य आगामी दुई महिना भित्र सम्पन्न गर्ने ।

- सुरक्षा बल र अन्य निकायबाट भोगचलन भैरहेका कृषि विकास मन्त्रालय अन्तर्गतका फार्म केन्द्रको जग्गा कृषि अनुसन्धान तथा विकासका गतिविधिलाई निरन्तरता दिनका लागि कृषि विकास मन्त्रालयले गृह मन्त्रालय र रक्षा मन्त्रालयको सहकार्यमा आगामी तीन महिना भित्र फिर्ता लिने कार्य गर्ने ।

- द्वन्द्वको समयमा ग्रामीण क्षेत्रबाट स्थानान्तरण भएका बैङ्कका शाखा, उपशाखाहरुलाई पुनर्स्थापना गर्ने कार्यलाई चालू आर्थिक वर्षभित्र सम्पन्न गर्ने गरी अर्थ मन्त्रालयले कारवाही अघि बढाउने ।

- कृषि विकासका गतिविधिमा प्राथमिकता साथ कृषि कर्जा प्रवाह गराउनका लागि कृषि विकास बैङ्क लिमिटेडको संचालक समितिमा कृषि विकास मन्त्रालयको प्रतिनिधित्व गराउने कार्य अर्थ मन्त्रालयले आगामी एक महिनाभित्र सम्पन्न गर्ने ।

यस बैठकमा राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्ष श्री दीपेन्द्र बहादुर क्षेत्रीले गत आ.ब. ०६९/७० को प्रथम चौमासिकमा सञ्चालित पहिलो प्राथमिकता प्राप्त आयोजनाहरुको कार्यान्वयनको अवस्था र देखिएका प्रमुख समस्याहरुका बारेमा प्रकाश पार्नु भयो । साथै उहाँले राष्ट्रिय गौरवका आयोजनाहरुको प्रगति स्थिति प्रस्तुत गर्नु भएको थियो । मन्त्रालयबाट प्रस्तुत भएका र छलफलका क्रममा उठेका समस्याहरुको समाधानका लागि प्रस्तुत गर्नुभएको निम्नानुसारको कार्ययोजना बैठकले स्वीकृत गर्‍यो ।

**बैठकको निर्णयहरु**

- कृषकहरुलाई रासायनिक मल सुलभताका साथ उपलब्ध गराउन यस आ.व. २०६९/०७० मा व्यवस्था भएको अनुदान रकम अपुग हुने भएकोले अर्थ मन्त्रालयले थप रकम व्यवस्था गर्नुका साथै कृषि विकास मन्त्रालयले रासायनिक मल वितरण पद्धतिमा यथाशीघ्र सुधार गर्ने ।

- वन विकास कोषमा जम्मा भएको रकम वनको दिगो संरक्षण तथा व्यवस्थापन कार्यमा सदुपयोग गर्न उक्त कोषमा जम्मा भएको रकम सोही प्रयोजनमा नै खर्च हुने व्यवस्थाको लागि अर्थ मन्त्रालय र वन तथा भूसंरक्षण मन्त्रालयको सहकार्यमा यस सम्बन्धी नीतिगत व्यवस्था आगामी दुई महिना भित्र मिलाउने ।

- वन जंगल हुँदै निर्माण भएको पूर्वपश्चिम लोकमार्गको सडक सीमा भित्र अवैध घर छाप्रो बनाई बस्ने क्रम निरन्तर बढ्दै गएको र यसले वनजंगलको अतिक्रमण र हानी नोक्सानी भएकोले सडक सीमा भित्रका अतिक्रमण हटाउन भौतिक योजना, निर्माण तथा यातायात व्यवस्था मन्त्रालयले गृह मन्त्रालय र वन तथा भूसंरक्षण मन्त्रालयको सहयोग समेत लिई यथाशीघ्र कार्य गर्ने ।

- वन तथा भू-संरक्षण मन्त्रालयको पूर्व स्वीकृति विना जिविसबाट वन सीमाभित्र स्थानीय सडक, सिंचाइ, कूलो आदि निर्माण हुँदा वन जंगलको हानी नोक्सानी एवम् अतिक्रमण भइरहेकोले संघीय मामीला तथा स्थानीय विकास मन्त्रालयले वन तथा भू-संरक्षण मन्त्रालय समेत सँग समन्वय गरी प्राथमिकता प्राप्त विकास कार्यलाई समेत असर नपर्ने गरी यस्ता निर्माणलाई व्यवस्थित गर्न आगामी दुइ महिना भित्र एक कार्यविधि तयार गर्ने ।

- रोजगारी सम्बन्धी नीति नभएको परिप्रेक्ष्यमा श्रम तथा रोजगार मन्त्रालयले आगामी तीन महिना भित्र रोजगारी नीतिको मस्यौदा गर्ने ।

- सामाजिक सुरक्षा योजनालाई व्यवस्थित गर्न योगदानकर्ताहरुको विद्युतीय परिचयपत्र नम्बर गृहमन्त्रालय र निर्वाचन आयोगबाट जारी हुने परिचयसँग समन्वय गरी एकिकृत परिचयपत्र अभिलेख व्यवस्था गर्न श्रम तथा रोजगार मन्त्रालयले गृह मन्त्रालय र निर्वाचन आयोगसंग समेत समन्वय गरी यस्तो व्यवस्था मिलाउने ।

- विभिन्न प्रयोगशालाहरुमा हानिकारक रसायन तथा विकीरणयुक्त पदार्थको जोखिममा कार्य गर्नुपर्ने प्राविधिकहरुका सम्बन्धमा अध्ययन गरी के कस्तो प्रोत्साहनको व्यवस्था गर्न सकिन्छ भनि सिफारिस गर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिवको संयोजकत्वमा अर्थ र स्वास्थ्य मन्त्रालयका सहसचिवलाई सदस्य र कृषि मन्त्रालयका सहसचिवलाई सदस्य सचिव तोकी एक कार्यदल गठन गर्ने ।

(सन्गार आचार्य)
सहायक प्रवक्ता
राष्ट्रिय योजना आयोगको सचिवालय